मधेश प्रदेश सरकार
भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
धनुषा, जनकपुरधाम

# **लम्पी स्किन रोग सम्बन्धी सूचना**

लम्पी स्किन रोग गाई/भैसीमा विषाणुबाट लाग्ने अति संक्रामक रोग हो। यो रोग सामान्यतया लामखुट्टे, झिंगा, किर्ना, भुसुना आदिको टोकाइबाट सर्छ ।साथै सङ्क्रमित पशु एक स्थानवाट अन्यत्र लैजाँदा वा सङ्क्रमित पशुसँग प्रत्यक्ष सम्पर्कमा आएका अन्य पशुमा समेत सर्छ। छोटो समयमा धेरै स्थानमा फैलिन सक्ने भएकोले यस रोगको शीघ्र नियन्त्रण गर्न आवश्यक छ।धनुषा जिल्लाको विभिन्न स्थानमा गाई भैंसीमा लम्पी स्किन रोग देखा पर्न थालेको हुँदा रोगको रोकथाम तथा नियन्त्रण गर्न तपशिल बमोजिमको कार्य गर्न/गराउन हुन यो सूचना सबैमा जानकारीको लागि अनुरोध गरिएको छ।

**तपशिल:**

१. स्वस्थ गाई र भैसीलाई अनिवार्य खोप लगाउने ।
२. गोठ तथा फार्म परिसरमा नियमित सरसफाई गरी सफा र सुघर राखी लामखुट्टे, झिंगा, किर्ना, भुसुना आदि किराको संख्यालाई नियन्त्रण गर्ने।
३. गोठ भित्र वा बाहिर ब्लिचिङ पाउडर, फर्मालिन, ग्लुटरअल्डिहाइड लगायतका रसायनहरु प्रयोग गरी निःसङ्क्रमण गर्ने ।
४. रोगको शंका लागेका पशुहरुलाई बथानबाट छुट्टाएर अलग्गै राख्ने ।
५. पशु मरेमा मरेका पशुलाई राम्रोसँग खाडलमा गाड्ने।
6. रोग देखा परेको क्षेत्रबाट गाई भैसीको ओसारपसार नगर्ने।
7. पशुको ओसारपसार गर्दा अनिवार्य रुपमा भेटेरिनरी स्वास्थ्य प्रमाणपत्र लिएर मात्र गर्ने ।
8. फार्मको मुख्य प्रवेशद्वार तथा खोर बाहिर निःसङ्क्रमणमा प्रयोग हुने रसायन सहितको फुटबाथको व्यवस्था गर्ने।
9. नयाँ पशु गोठमा भित्र्याउँदा बथानमा नमिसाई कम्तीमा २८ दिन अलग्गै राखी रोगको लक्षण नदेखाएमा मात्र बयानमा मिसाउने।

पुनश्चः लम्पी स्किन रोग सम्बन्धी थप जानकारीका लागि धनुषा जिल्लाको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र र स्थानीयतहका पशु सेवा शाखाबाट प्राप्त गर्न सकिनेछ।